# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
ओखलढुङ्गा

फोन नम्बर
०३७-५२०६२५
०३७-५२०२१३
फ्याक्स नम्बर
०३७-५२००५१


पत्र संख्याः०७५।०७६
चलानी नं.:१३४

१ नं.प्रदेश, नेपाल
मितिः२०७५।४।२९

## सामाजिक सुरक्षा कार्यक्रम अन्तरगतको सुविधा लिन योग्यता पुगेका इच्छुक नगरवासीहरुलाई नगरपालिकाको सूचना !

सामाजिक सुरक्षा सञ्चालन कार्यविधि,२०७२ (संशोधन सहित) ले निर्धारण गरे बमोजिमको सुविधा उपभोग गर्न इच्छुक र योग्य यस नगरवासी नेपाली नागरिकहरुलाई देहायको मितिभित्र अनिवार्य रुपमा आ-आफ्नो वडा कार्यालयमा आवश्यक प्रमाण सहित दरखास्त दिन सूचित गरिन्छ ।

**तपसिल**

| लक्षित समूह | दरखास्त दिनुपर्ने मिति | दरखास्त पेश गर्नुपर्ने कार्यालय |
|---|---|---|
| आगामी आर्थिक बर्ष ०७६/०७७ मा ६० बर्ष उमेर पुरा हुने दलित जाति र ७० बर्ष उमेर पुरा हुने अन्य जातिका ज्येष्ठ नागरिक | २०७५ साल मंसीर १५ गतेभित्र | आ-आफ्नो वडा कार्यालय |
| ६० बर्ष उमेर पुगेका विवाह नगरी बसेका वा पतिसँग सम्वन्ध विच्छेद् भएका एकल महिला | आफुसँग भएको प्रमाण सहित जहिलेसुकै | आ-आफ्नो वडा कार्यालय |
| पतिको मृत्यू भएका जुनसुकै उमेरको विधवा महिला | आफुसँग भएको प्रमाण सहित जहिले सुकै | आ-आफ्नो वडा कार्यालय |
| जिल्लास्थित महिला तथा बालबालिका कार्यालय वा यस नगरपालिकाबाट रातो रङ्गको अपाङ्गता परिचय-पत्र पाएका पूर्ण अशक्त अपाङ्गता भएका व्यक्ति | आफुसँग भएको प्रमाण सहित जहिलेसुकै | आ-आफ्नो वडा कार्यालय |
| जिल्लास्थित महिला तथा बालबालिका कार्यालय वा यस नगरपालिकाबाट नीलो रङ्गको अपाङ्गता परिचय-पत्र पाएका पूर्ण अशक्त अपाङ्गता भएका व्यक्ति | आफुसँग भएको प्रमाण सहित जहिलेसुकै | आ-आफ्नो वडा कार्यालय |
| पाँच बर्ष उमेर ननाघेका दलित परिवारका एक आमाबाट जन्मेका बढीमा दुई बालबालिका | आफुसँग भएको प्रमाण सहित जहिलेसुकै | आ-आफ्नो वडा कार्यालय |

**दरखास्तसाथ संलग्न हुनुपर्ने कागजातहरुः**

(क) दरखास्त दिने व्यक्तिको २ (दुई) प्रति पासपोर्ट साइजको फोटो,
(ख) बालबालिका बाहेक अन्य दरखास्तवालाको नेपाली नागरिकता प्रमाण-पत्रको फोटोकपि,
(ग) बालबालिकाको हकमा जन्म दर्ता प्रमाण-पत्रको फोटोकपि र आमा वा आमा नभए संरक्षकको नेपाली नागरिकता प्रमाण-पत्रको फोटोकपि,
(घ) एकल महिला भए सम्वन्ध विच्छेद् दर्ता प्रमाण-पत्रको फोटोकपि,
(ङ) विधवाको हकमा पतिको मृत्यू दर्ता प्रमाण-पत्रको फोटोकपि,
(च) अपाङ्गता भएको व्यक्तिको हकमा जिल्लास्थित महिला तथा बालबालिका कार्यालय वा यस नगरपालिकाबाट जारी गरिएको अपाङ्गता परिचय-पत्रको फोटोकपि ।

❖ **दरखास्त फाराम सम्वन्धित वडा कार्यालयहरुबाट निशुल्क रुपमा प्राप्त हुनेछ ।**

सिद्धिचरण नगर कार्यपालिकाको कार्यालय
ओखलढुङ्गा

भोजराज घिमिरे
प्रमुख प्रशासकीय अधिकृत